**प्रदेश सरकार**

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

**विराटनगर, कोशी प्रदेश**




# होमस्टे सम्बन्धी जानकारी पुस्तिका

# विषय सूची


| | |
|---|---|
| होमस्टे भनेको के हो? | 1 |
| होमस्टे दर्ता प्रक्रिया | 1 |
| होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने शर्तहरू | 2 |
| होमस्टेको अवधि र नवीकरण प्रक्रिया | 3 |
| होमस्टेको नामसारी प्रक्रिया | 3 |
| होमस्टेको खारेजी | 4 |
| होमस्टे सञ्चालनका आधारभूत मापदण्ड | 4 |
| पर्यटक आचारसंहिता | 6 |
| कोशी प्रदेशमा रहेका होमस्टेहरू | 8 |

## होमस्टे भनेको के हो?

होमस्टे(**Homestay**) अंग्रेजी शब्द हो जसलाई नेपालीमा घरबास भनिन्छ। यसको शाब्दिक अर्थ कुनै ठाउँको स्थानीय व्यक्तिको घरमा पारिवारिक वातावरणमा पाहुनाको रूपमा बास बस्नु हो। यसरी बस्दा उक्त घरको भान्सामा जे परिकार पाक्छ, पाहुनाले पनि त्यही नै खान्छर आफूले खाएको, बास बसेको सेवा वापत उक्त घरबेटीलाई केही रकम भुक्तानी गर्दछ।

होमस्टेमा आउने पर्यटकहरूले नयाँ ठाउँको स्थानीय खाद्य परिकारको स्वादसँगै त्यहाँका जातजातिका कला, संस्कृति, धर्म, परम्परा आदिको बारेमा समेत जान्ने बुझ्ने अवसर प्राप्त गर्दछन्। यसरी हेर्दा यो एक सिकाइको माध्यम पनि हो जसले पर्यटकलाई नेपाली जीवनशैलीको विभिन्न आयामहरूको अनुभव गराउँदछ।

## होमस्टे दर्ता प्रक्रिया

### आवश्यक कागजात

१. अनुसूची-१ बमोजिमको निवेदन

२. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र

३. जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण, मञ्जुरीनामा र भाडाको जग्गा वा भाडाको घरमा सञ्चालन गर्ने भए कम्तीमा तीन वर्षको जग्गा वा घरभाडा सम्झौताको प्रतिलिपि

४. शहरी क्षेत्रभित्र भए नक्सा पासको प्रतिलिपि

५. घरजग्गा स्पष्ट देखिने फोटो

६. होमस्टे सञ्चालकको दुई/दुई प्रति फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि

७. सामुदायिक होमस्टेको हकमा कम्तीमा ५ जना घरधनीले सामूहिक रूपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता पत्र

८. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

९. कार्य गर्न मञ्जुर भइ साक्षीको रोहवरमा सही छाप भएको अनुसूची-९ बमोजिमको ढाँचाको विधान २ प्रति

१०. आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि

११. प्रस्तावनापत्र (होमस्टे सञ्चालनको उद्देश्य, स्थानीय उत्पादन, स्थानीय बसोबास तथा साँस्कृतिक विवरणहेर्न सकिने प्राकृतिक, धार्मिक तथा अन्य आकर्षण, प्रमुख मार्गबाट पुग्ने मार्गको विवरण तथा दुरी,बिजुली तथा वैकल्पिक उर्जा,खानेपानी आपूर्ति, शान्ति

सुरक्षाको अवस्था, उपलब्ध हुने सेवा तथा खानाको मेनुको विवरण, सम्पर्क नम्बर लगायतका विवरण खुलेको हुनुपर्ने)

उपरोक्तानुसारको कागजात सहित निवेदन प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित पर्यटन कार्यालयले होमस्टेको स्थलगत अनुगमन गर्नेछ।

**दर्ता दस्तुर**

स्थलगत अनुगमन गर्दा मापदण्ड पुरा गरेको देखिएमा देहाय बमोजिमको दस्तुर लिई होमस्टे दर्ता गरी होमस्टे सञ्चालन प्रमाणपत्र दिइनेछ।

- निजी होमस्टेको हकमारु. २०००/-
- सामुदायिक होमस्टेको हकमारु. ५०००/-

नोट:- जंगलस्टे र टेण्टस्टे सञ्चालन गर्नका लागि अनुमति प्राप्त गर्न होमस्टे सञ्चालकले विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ। निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा रु. १०००/- दस्तुर लिई बढीमा ९० दिनको लागि अनुमति प्रदान गर्न सकिनेछ।

**होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने शर्तहरू**

निजी तथा सामुदायिक होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने शर्त देहाय बमोजिम हुनेछ।

१. सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

२. पर्यटकको स्वास्थ्य स्थितिको पुर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने तथा पर्यटक विरामी भएमा स्थानीय स्वास्थय चौकी वा अस्पतालसँग समन्वय गरी उपचारको प्रबन्ध गर्नुपर्नेछ।

३. सामुदायिक होमस्टेको लागि कम्तीमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनुपर्नेछ।

४. होमस्टेको हिसाब श्रेस्ता हरेक वर्ष दर्तावाला लेखा परीक्षकद्वारा लेखापरीक्षण गराउने र पर्यटकको तथ्याङ्क अद्यावधिक गरी राख्नुपर्नेछ।

५. प्रत्येक वर्ष प्रचलित कानून बमोजिम कर चुक्ता गर्नुपर्नेछ।

६. प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका होमस्टेले होमस्टे सञ्चालनको इजाजतपत्र, करचुक्ता प्रमाणपत्र र यस कार्यविधिमा तोकिएको अन्य कागजात सहित सम्बन्धित कार्यालयमा दर्ता अभिलेखीकरण गर्नुपर्नेछ।

७. होमस्टेको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

८. होमस्टेको मूल मर्म विपरीत वा होटल लजको आकारमा होमस्टे चलाउन पाइने छैन।

## होमस्टेको अवधि र नवीकरण प्रक्रिया

होमस्टेको अवधि एक वर्षको हुनेछ र त्यस्तो अवधि भुक्तान भएको २ महिनाभित्र नवीकरणको लागि निवेदन दिनुपर्नेछ।

### आवश्यक कागजात

१. अनुसूची-४ बमोजिमको निवेदन

२. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन

३. करचुक्ता प्रमाणपत्र

४. अनुसूची-५ बमोजिमको वार्षिक प्रगति प्रतिवेदन

५. सामुदायिक होमस्टेको हकमा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

## नवीकरण दस्तुर

(क) निजी होमस्टेको हकमा रु. ५००/-

(ख) सामुदायिक होमस्टेको हकमा रु. १००/- प्रति घरका दरले हुन आउने एकमुष्ट रकम

नोट:- तोकिएको म्यादभित्र नवीकरण हुन नसकेका होमस्टेले नवीकरण गर्न निवेदन दिएमा म्याद समाप्त भएको ४ महिनाभित्र नवीकरण दस्तुरको ५०% र त्यसपछिको ६ महिनाभित्र नवीकरण दस्तुरको १००% थप दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

## होमस्टेको नामसारी प्रक्रिया

### आवश्यक कागजात

१. अनुसूची-६ बमोजिमको निवेदन

२. सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको सिफारिस तथा निजी होमस्टेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस

३. जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण, मञ्जुरीनामा वा भाडामा लिएको जग्गा वा घर भए सोको सम्झौताको प्रतिलिपि र सहरी क्षेत्रभित्र भएमा नक्सा पासको प्रतिलिपि

४. होमस्टे नामसारी गरी दिने तथा लिने दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

५. होमस्टे नामसारी गरी दिने तथा लिने बिच नामसारीको लागि भएको सम्झौता
६. होमस्टेको लेखा परीक्षण प्रतिवेदन
७. होमस्टे दर्ताको प्रमाणपत्र

निवेदन प्राप्त भएपछि कागजात जाँचबुझ गर्दा उपयुक्त देखिएमा नामसारी गरी दिने र लिने दुवै पक्षलाई संलग्न गराई सम्बन्धित कार्यालयले नामसारी गरी दिनेछ।होमस्टे नामसारी गर्दा सामुदायिक होमस्टेको हकमा सञ्चालकले गरेको लगानी र प्रतिफल प्रदेशको प्रचलित फर्म दर्ता सम्बन्धी कानून बमोजिम हुनेछ।

## होमस्टेको खारेजी

१. नवीकरणको म्याद भुक्तान भएको १ वर्षभित्र पनि नवीकरण नगर्ने होमस्टे स्वतः खारेज हुनेछ।
२. कार्यविधि विपरीत होमस्टे सञ्चालन गरेको पाइएमा वा होमस्टे सञ्चालनको भावना विपरीत होटलको आधुनिक संरचना निर्माण गरी होमस्टे सञ्चालन गरेमा सम्बन्धित कार्यालयले होमस्टेको दर्ता खारेज गर्न सक्नेछ।
३. दर्ता खारेज गर्नु अघि होमस्टे सञ्चालकलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिइनेछ।
४. होमस्टे दर्ता खारेज भए पनि होमस्टेले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने बाँकी वक्यौताबाट उन्मुक्ति पाउने छैन।
५. होमस्टे स्वेच्छाले बन्द गर्न चाहेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित तिर्नु बुझाउनु पर्ने राजस्व जम्मा गरी कारण सहित निवेदन दिनुपर्नेछ। निवेदन प्राप्त भएपछि होमस्टेले बाँकी राजस्व दाखिला गरे नगरेको यकिन गरी होमस्टे बन्द गरी सोको अभिलेख अद्यावधिक गरिनेछ।

## होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

### १. होमस्टेका लागि घर, कोठा र शैय्या

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरू मौलिक संस्कृति झल्किने र हावाहुरी, वन्यजन्तु आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा-सुग्घर हुनुपर्नेछ।
(ख) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनुपर्ने र बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाइने र कोठाको उचाइ कम्तीमा आठ फीटको हुनुपर्नेछ।
(ग) एउटा कोठामा बढीमा दुई वटा मात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तीमा ६.५ फीट लम्बाई र ३ फीट चौडाईको हुनुपर्नेछ।

(घ) भूँइमा कार्पेट वा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

(ङ) ढोकामा खुट्टा पुछ्ने बोरा वाडो र म्याट भएको हुनुपर्नेछ।

(च) नरम खालको सेतो तन्ना भएको र सेतो खोल भएका ओढनेको व्यवस्था हुनुपर्नेछ।

(छ) भित्तामा वा ढोकाको पछाडिपट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ।

(ज) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ।

(झ) सुत्ने कोठामा धुवाँ आउने हुनुहुँदैन साथै भान्सा कोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनुहुँदैन।

(ञ) सुत्ने कोठामा सुन्दर दृश्यहरू र स्थानीय संस्कृति झल्कने तस्वीरहरू भएमा राम्रो हुनेछ।

(ट) फोहोर फाल्ने एउटा टोकरी (डस्टविन) को व्यवस्था हुनुपर्नेछ।

(ठ) प्रत्येक पाहुनाका लागि एक जोर चप्पलको व्यवस्था हुनुपर्नेछ।

(ड) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्ड्याएको हुनुपर्नेछ।

(ढ) सुत्ने कोठामा चिया टेबुलको व्यवस्था गरिएको हुनुपर्नेछ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ।

(त) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ।

(थ) घर वरपर फूलहरू रोपेर सुन्दर वातावरण बनाउनु पर्दछ।

(द) पर्यटकले पालना गर्नुपर्ने अनुसूची-८ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ र सो आचारसंहिताको बारेमा पाहुनालाई सुरुमै जानकारी दिनुपर्नेछ।

(ध) सञ्चारका न्यूनतम सुविधाहरू जस्तै टेलिफोन वा इन्टरनेटको व्यवस्था भएमा उपयुक्त हुने।

(न) कोसेली घर व्यवस्थापनको लागि आवश्यक कक्ष हुनुपर्ने।

(प) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरूलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्नहुँदैन।

## २. शौचालय र स्नानघर

(क) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने।

(ख) सुविधायुक्त, अपाङ्ग तथा बालमैत्री र सफा शौचालय हुनुपर्नेछ।

(ग) होमस्टे सञ्चालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनुपर्नेछ।

(घ) स्नानघरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत बस्तुहरू हुनुपर्नेछ।

### ३. भान्सा कोठा र खाना खाने व्यवस्था

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई, भैंसी अथवा भेडा, बाख्रा, सुँगुर, कुखुरा आदि बाँध्न वा पाल्न पाइने छैन।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुल्हो) भएको हुनुपर्नेछ। बायोग्याँस वा गोबरग्याँसको उपयोगलाई प्राथमिकता दिनुपर्नेछ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नुपर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरूलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनुपर्नेछ।

(ङ) सानो तथा मौलिक खालको डाइनिङ्ग टेबलको प्रबन्ध भए राम्रो हुनेछ।

(च) खानाको परिकारको सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका बस्तुहरू र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने।

### ४. स्वास्थ्य, सरसफाई तथा सुरक्षा

(क) बास बस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ।

(ख) सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ।

(ग) वातावरणमैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरूको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र वृक्षारोपण गरी हरियाली हुनुपर्नेछ।

(घ) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्नेछ र फोहोरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्नेछ।

(ङ) होमस्टे वरपर फूलबारीको व्यवस्था गरेको हुनुपर्दछ।

## पर्यटक आचारसंहिता

होमस्टेमा आउने पर्यटकहरूले निम्नलिखित आचारसंहिताको पालना गर्नुपर्नेछ।

1. Do not pressure the owner for food, beverage and facilities not available at homestay.
   (होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेयपदार्थ र सुविधाबारे संचालकलाई दबाब दिन नपाइने)
2. Do not disturb people at home or outside.
   (होमस्टे र छिमेकीलाई असर पर्ने गरी होहल्ला गर्न पाइने छैन)
3. Do not demand anything beyond homestay's capacity.
   (होमस्टे संचालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन)

4. Beware of doing any behaviour (such as sexual activities or sexual harassment) which is impermissible to the local socio-cultural values.
   (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको हिसाबले नपच्ने व्यवहार, गतिविधि, यौनजन्य हिंसा गर्न पाइने छैन)
5. Respect the people and address them in respectful language.
   (होमस्टे संचालक परिवार र स्थानीयलाई आदर गर्नुपर्ने र उपयुक्त आदरार्थी शब्दले सम्बोधन गर्नुपर्नेछ)
6. Respect to the rites and rituals of the local people; wear such clothes that are permissible to the community.
   (स्थानीय समुदायको रीतिरिवाजलाई सम्मान गर्नुपर्नेछ र समुदायमा सहज हुने कपडाहरू लगाउनु पर्नेछ)
7. Do not impress the owner or other people for doing immoral or illegal activities; respect to the household routine for entrance and exit.
   (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दबाब दिनु हुँदैन)
8. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.
   (कुनै प्रकारका लठ्याउने प्रकारका लागू पदार्थहरू प्रयोग गर्न र विक्री वितरण तथा ओसारपसार गर्न सख्त मनाही छ)
9. Do no harm to the bio-diversity and ecology of the environment.
   (जैविक विविधता र वातावरणीय परिस्थितिलाई कुनै हानी नोक्सानी पुर्‍याउनु हुँदैन)
10. Carrying weapons (e.g. Gun, Explosive materials) are strictly prohibited.
   (हातहतियार जस्तै बन्दुक, विस्फोटक पदार्थ बोक्न सख्त मनाही छ)

# कोशी प्रदेशमा रहेका होमस्टेहरू

| सि·नं· | जिल्ला | होमस्टेको नाम | प्रकार | अध्यक्ष/ सञ्चालक |
|---|---|---|---|---|
| १ | झापा | डमिार्केशन सामुदायकि होमस्टे | सामुदायकि | ९८१५९९११२३ बमिला पोख्रेल नेपाल |
| २ | झापा | प्रथम नागरकि धमिाल सामुदायकि होमस्टे | सामुदायकि | ९८४२६२१६५४ शान्तधिमिाल |
| ३ | झापा | बाहुनडाँगी सामुदायकि होमस्टे | सामुदायकि | ९८४४६१४१४ अर्जुन कुमार कार्की |
| ४ | झापा | लाउख्रीफारा मेचे सामुदायकि होमस्टे | सामुदायकि | ९८४२०६४५१३ अग्नमिाया मेचे |
| ५ | झापा | हात्तीमैत्री सामुदायकि होमस्टे | सामुदायकि | ९८२५९१११५९ भावना गुरुङ मगर |
| ६ | झापा | येसे अध्यात्मकि नजिी होमस्टे | नजिी | ९७४४३३०२४७ रुद्र अधकिारी |
| ७ | इलाम | अन्तु पोखरी सामुदायकि होमस्टे | सामुदायकि | ९८४२६४७३८२ शविराज घमिरिे |
| ८ | इलाम | कर्पोक खलङ्गा सामुदायकि होमस्टे | सामुदायकि | ९८५११५५२४० चन्द्र प्रसाद सापकोटा |
| ९ | इलाम | गुफापताल छब्बसि सामुदायकि होमस्टे | सामुदायकि | ९८१४९०३०७८ वशिाल तामाङ |
| १० | इलाम | गोर्खे सामुदायकि होमस्टे | सामुदायकि | ९८४०३९३६९७ टुन्डु तामाङ |
| ११ | इलाम | जमुना ईङला सामुदायकि होमस्टे | सामुदायकि | ९८४२६३५६३६ गणेश बहादुर भण्डारी |
| १२ | इलाम | जस्केलो सामुदायकि होमस्टे | सामुदायकि | ९८६९३८३१९४ कौशलिा तामाङ |
| १३ | इलाम | देउराली माइपोखरी सामुदायकि होमस्टे | सामुदायकि | ९८१८४०२५९० नमिलमु शेर्पा |
| १४ | इलाम | बरबोटे एग्रो एण्ड इको होमस्टे | सामुदायकि | ९८५२६०५५६० सूर्य प्रसाद अधकिारी |
| १५ | इलाम | बालनगाउँ घरबास होमस्टे | सामुदायकि | ९८१५०४०४५१ कौशलिा सुब्बा |
| १६ | इलाम | भालुढुङ्गा सामुदायकि होमस्टे | सामुदायकि | ९८४२५३५४६५ हरगिुरुङ |
| १७ | इलाम | माङसेबुङ सामुदायकि होमस्टे | सामुदायकि | ९८०६०६८९२६ कल्पना सुब्बा |
| १८ | इलाम | माबु दोबाटे सामुदायकि होमस्टे | सामुदायकि | ९८१६०५११०१ दावा लाक्पा शेर्पा |
| १९ | इलाम | श्रीअन्तु डाँडा सामुदायकि होमस्टे | सामुदायकि | ९८४८२९१२२४ धनकुमार आले |
| २० | इलाम | सन्दकपुर माइपोखरी सामुदायकि होमस्टे | सामुदायकि | ९८०७९२२१५० ललिा दर्जी |
| २१ | इलाम | गोरुवाले होमस्टे | नजिी | कमल राई |
| २२ | इलाम | छन्टिापु होमस्टे | नजिी | ९८४२७२१५४४ डकिादेवी पोखरेल खतविडा |
| २३ | इलाम | टी गार्डेन होमस्टे | नजिी | ९८५२६८१८८९ तेज बहादुर कुलुङ |
| २४ | इलाम | डाइभरे होमस्टे | नजिी | ९७६५१४८३६४ टकिाराम खतविडा |
| २५ | इलाम | डोल्मे होमस्टे | नजिी | ९८६२६०८६७२ डोल्मे तामाङ |
| २६ | इलाम | नेपाल भलिेज होमस्टे | नजिी | ९८५१०४१०२५ नरेन्द्र कुमार गुरुङ |
| २७ | इलाम | नोर्ला होमस्टे | नजिी | ९८१४९८०५१० दावा छ्योतेन शेर्पा |
| २८ | इलाम | पर्शुराम होमस्टे | नजिी | ९८४२६३५४६५ पर्शुराम गुरुङ |
| २९ | इलाम | पानीटार होमस्टे | नजिी | ९७०४७२६१२३ सन्तोष तामाङ |
| ३० | इलाम | पेमा शखिर होमस्टे | नजिी | ९८६२६७०५६९ कमल गुरुङ |
| ३१ | इलाम | फुलगाछी होमस्टे | नजिी | ९८४२७२९२९२ नन्दा कुमारी प्रसाई |
| ३२ | इलाम | बरपपिल बसिौनी नजिी होमस्टे | नजिी | ९८५१०३४६४७ करणि कोइराला |
| ३३ | इलाम | बेथानी नजिी होमस्टे | नजिी | ९८४२७२०४७३ बेद बहादुर सविा |
| ३४ | इलाम | मुकमलुङ याक्साहमि होमस्टे | नजिी | ९८२५९९४९४९ लोकीमाया गुरुङ |

| | | | | |
|---|---|---|---|---|
| ३ ५ | इलाम | रमति नोर्ला नजिी होमस्टे | नजिी | ९८२४०४०४४८ संगतिा गुरुङ |
| ३ ६ | इलाम | लालीगुराँस होमस्टे | नजिी | ९८६४१८१४५१ टंक गुरुङ |
| ३ ७ | इलाम | शेर्पा होमस्टे | नजिी | ९८१५९९४७५७ पासाङ तामाङ |
| ३ ८ | पाँचथर | फालेलुङ सामुदायकि होमस्टे | सामुदायकि | ९८६२७६५३३१ रतिादेवी राई |
| ३ ९ | पाँचथर | बतासे सामुदायकि होमस्टे | सामुदायकि | ९८०६०४३७३७ मङ्गिमा दकिी शेर्पा |
| ४ ० | पाँचथर | लालीखर्क सामुदायकि होमस्टे | सामुदायकि | ९८६३७८४६०७ टंक राई |
| ४ १ | ताप्लेजुङ | ओलाङ्चुङगोला सामुदायकि होमस्टे | सामुदायकि | ९८६०७३७६६९ |
| ४ २ | ताप्लेजुङ | करुणा सामुदायकि होमस्टे | सामुदायकि | ९८४२६६००२२ दावा शेर्पा |
| ४ ३ | ताप्लेजुङ | काँडे भञ्ज्याङ सामुदायकि होमस्टे | सामुदायकि | ९७४२६३९९४५ देउ कुमार ढुङ्गेल |
| ४ ४ | ताप्लेजुङ | गुम्बाडाँडा सामुदायकि होमस्टे | सामुदायकि | ९८६३६९७५६२ मणरिाम गुरुङ |
| ४ ५ | ताप्लेजुङ | ग्याप्ला सामुदायकि होमस्टे | सामुदायकि | ९८४२००८६६७ |
| ४ ६ | ताप्लेजुङ | फुङफुङदेन सामुदायकि होमस्टे | सामुदायकि | ९८६९८५६९१२ वजिय साँवा |
| ४ ७ | ताप्लेजुङ | याम्फुदनि सामुदायकि होमस्टे | सामुदायकि | ९८६१९९१७४९ देउमान लामा |
| ४ ८ | ताप्लेजुङ | लालीखर्क सामुदायकि होमस्टे | सामुदायकि | ९७४१४१२७१९ धनबहादुर बष्टि |
| ४ ९ | ताप्लेजुङ | लेलेप सामुदायकि होमस्टे | सामुदायकि | पेम्बा फुटी शेर्पा |
| ५ ० | ताप्लेजुङ | साधु कोलडाँडा सामुदायकि होमस्टे | सामुदायकि | ९८४२६७६७५२ शवििकुमारी वनेम |
| ५ १ | मोरङ | कोचलिा थारु सामुदायकि होमस्टे | सामुदायकि | ९८२७०२०२९८ हरलिाल वशिँवास (थारु) |
| ५ २ | मोरङ | जेफाले सामुदायकि होमस्टे | सामुदायकि | ९८१७३६०९८३ भमि ठकुरी |
| ५ ३ | सुनसरी | अमाह सामुदायकि होमस्टे | सामुदायकि | ९८०४३००७८३ भोजराज घले |
| ५ ४ | सुनसरी | रामधुनी सामुदायकि होमस्टे | सामुदायकि | ९८५२०६५४४४ डल्लिी कार्की |
| ५ ५ | सुनसरी | सप्तकोशी सामुदायकि होमस्टे | सामुदायकि | ९८०७०२८९०९ प्रेम नारायण अधकिारी |
| ५ ६ | सुनसरी | कोकाह होमस्टे | नजिी | ९८६१५७२१४४, ९८४०९८१६३१ |
| ५ ७ | सुनसरी | भलाकुसारी होमस्टे | नजिी | ९८४२०३६४८० देवेन्द्र नरौिला |
| ५ ८ | सुनसरी | माछामारा कृषपिर्यटन होमस्टे | नजिी | ९८४११७५९७७ हस्तराज राई |
| ५ ९ | सुनसरी | सुदपि होमस्टे | नजिी | ९८६४५९३९९३ लोक बहादुर मगर |
| ६ ० | धनकुटा | चाँदीभञ्ज्याङ सामुदायकि होमस्टे | सामुदायकि | ९८१९०४५९७१ अमनिसोरी राई |
| ६ १ | धनकुटा | छन्तिाङ सामुदायकि होमस्टे | सामुदायकि | ९८६२७०७५५० अनसि राई |
| ६ २ | धनकुटा | डाँडाबजार सामुदायकि होमस्टे | सामुदायकि | ९८४२०६३८७५ भवानी प्रसाद घमिरि |
| ६ ३ | धनकुटा | नाम्जे थुम्की सामुदायकि होमस्टे | सामुदायकि | ९८४२५६३१९९ अनलि कुमार राना |
| ६ ४ | धनकुटा | कचडि होमस्टे | नजिी | ९८०७३५९६७५ वनिय शेखर श्रेष्ठ |
| ६ ५ | धनकुटा | नुनथला फार्मस्टे | नजिी | ९८५२०५०९४७ नगेन्द्र भट्टराई |
| ६ ६ | धनकुटा | श्रेष्ठ एण्ड राई होमस्टे | नजिी | ९८६७५२८५७९ जविन राई |
| ६ ७ | तेह्रथुम | खोरोङदेन सामुदायकि होमस्टे | सामुदायकि | ९८५२६८११०८ सर्जिना लामा फोम्बो |
| ६ ८ | संखुवासभा | आङ्ला सामुदायकि होमस्टे | सामुदायकि | ९७४२०८१९८८ टेक बहादुर गुरुङ |
| ६ ९ | संखुवासभा | गुरुङ सामुदायकि होमस्टे | सामुदायकि | ९८४०५१७५५४ दुर्गा गुरुङ |
| ७ ० | संखुवासभा | गुवाबारी अर्गानकि सामुदायकि महलिा होमस्टे | सामुदायकि | ९८४२४८७०९४ शोभा गुरुङ |

| | | | | |
|---|---|---|---|---|
| ७ १ | संखुवासभा | गोला मध्यवर्ती सामुदायकि होमस्टे | सामुदायकि | ९ ७ ६ २ ० ६ ७ ४ ९ ० वषि्णु माया गुरुङ |
| ७ २ | संखुवासभा | गोलेचौर सामुदायकि होमस्टे | सामुदायकि | ९ ७ ४ १ ४ ९ ३ ४ ० ९ अनलि राई |
| ७ ३ | संखुवासभा | टासी शेर्पा मध्यवर्ती सामुदायकि होमस्टे | सामुदायकि | ९ ७ ४ १ १ ६ ५ ८ ७ ७ छरिङि ल्हमु शेर्पा |
| ७ ४ | संखुवासभा | ताम्कु सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ २ १ ० ७ ७ ६ ५ नर बहादुर मेवाहाङ्ग |
| ७ ५ | संखुवासभा | नबिारे सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ६ ० ० ७ ८ ८ ७ ० रन्जिनि शेर्पा |
| ७ ६ | संखुवासभा | पाङ्मा सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ६ २ १ ७ २ ३ ७ ९ सतिाराम राई |
| ७ ७ | संखुवासभा | भाङखर्क सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ २ १ ० ७ ६ ३ २ भमि प्रसाद गुरुङ |
| ७ ८ | संखुवासभा | मकालु सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ २ ४ ५ ३ ४ ५ २ ललति याम्फु |
| ७ ९ | संखुवासभा | मगर डाँडागाउँ सामुदायकि होमस्टे | सामुदायकि | ९ ७ ६ ५ ४ ६ ९ ० ३ ६ जानुका पुलामी |
| ८ ० | संखुवासभा | याम्फु सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ ० ४ ६ ६ ४ ० ० टलि्ली कुमार राई |
| ८ १ | संखुवासभा | समि्मा सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ६ ३ ७ १ ८ ३ ९ ६ तुलमाि गुरुङ |
| ८ २ | संखुवासभा | सेकहा सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ २ १ ५ ९ ७ ९ २ गणेश कुमार गुरुङ |
| ८ ३ | संखुवासभा | खाँदबारी होमस्टे | नजिी | ९ ८ ४ २ ४ ८ ९ २ ९ २ सुनतिा ढुंगाना नरिौला |
| ८ ४ | संखुवासभा | तीनपोखरी होमस्टे | नजिी | ९ ८ ६ १ ७ १ ४ १ ५ ३ यदुमणि नरिौला |
| ८ ५ | संखुवासभा | मंगलादेवी होमस्टे | नजिी | ९ ८ ५ २ ० ५ १ ९ ६ ५ सुन्दरी घमिरिे |
| ८ ६ | संखुवासभा | सद्धिार्थ होमस्टे | नजिी | ९ ८ ४ १ ६ ८ ४ ६ ९ ३ माया गुरुङ |
| ८ ७ | भोजपुर | मुन्धुम सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ० ७ ० ८ ९ २ ४ १ प्रेम राई |
| ८ ८ | भोजपुर | गोठेसहि होमस्टे | नजिी | ९ ८ ५ २ ० ७ ५ २ ३ ४ प्रकाश राई |
| ८ ९ | उदयपुर | करिात सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ६ ८ १ ९ ६ ९ १ १ प्रयास वान्तवा |
| ९ ० | उदयपुर | चौकीबारी दनुवार सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ६ ९ ० ८ ६ ४ १ ९ राजेश दनुवार |
| ९ १ | उदयपुर | चौधरी सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ ४ ६ ४ ५ ९ १ ४ रामदपिक चौधरी |
| ९ २ | उदयपुर | तपेश्वरी मध्यवर्ती सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ १ ४ ७ २ ७ ९ ३ १ नन्दीलाल चौधरी |
| ९ ३ | उदयपुर | पञ्चकोशी  सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ २ ९ ८ ३ ४ ६ ५ घमानसहि तामाङ |
| ९ ४ | उदयपुर | पञ्चावति सामुदायकि होमस्टे | सामुदायकि | इन्द्र कुमारी राई |
| ९ ५ | उदयपुर | बहेडवा थारु सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ १ ४ ७ १ १ २ ६ ९ भगवान संहि चौधरी |
| ९ ६ | उदयपुर | रौतामाई नकिास सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ १ ८ २ ४ १ ८ ३ ५ जतिशेर राई |
| ९ ७ | खोटाङ | पर्शुराम होमस्टे | नजिी | ९ ८ ४ ९ २ १ ३ ७ १ ३ शम्भु राई |
| ९ ८ | खोटाङ | रलिटिभि्स होमस्टे | नजिी | ९ ८ ६ २ ६ १ ९ ४ ३ १ दान बहादुर राई |
| ९ ९ | खोटाङ | लेकबेसी होमस्टे | नजिी | ९ ८ ६ १ ४ ५ २ ५ ७ ० नरि्मल राई |
| १ ० ० | खोटाङ | शुभम होमस्टे | नजिी | ९ ८ ५ २ ८ ४ ९ ० ४ ० सूर्य राई |
| १ ० १ | खोटाङ | हलेसी होमस्टे | नजिी | ९ ८ ६ १ ४ ० २ ० ० ७ नयस राई |
| १ ० २ | ओखलढुंगा | मगर सामुदायकि होमस्टे | सामुदायकि | ९ ८ ४ ३ १ २ २ ३ ५ ६ पारस मगर |
| १ ० ३ | ओखलढुंगा | गोल्डेन हलि्स होमस्टे | नजिी | ९ ८ २ ९ १ ९ १ ५ २ ५ पवन गुरुङ |
| १ ० ४ | सोलुखुमबु | फ्यामलिी होमस्टे | नजिी | ९ ८ ४ १ ६ ४ ८ ३ ५ ५ रमेश थापा मगर |
| १ ० ५ | सोलुखुमबु | हमिाली होमस्टे | नजिी | ९ ८ ४ ३ ५ ४ २ ० ० २ राज कुमार मगर |

फोन:- ०२१-४६०२२४, ४६१०४५, ४६३११९
इमेल:- moitfepradesh1@gmail.com, वेबसाइट:- motfe.koshi.gov.np